कृषि तथा वन विज्ञान विश्वविद्यालय
**कृषि संकाय**
**डीनको कार्यालय**
रामपुर, चितवन, नेपाल

Agriculture and Forestry University
**Faculty of Agriculture**
**Office of the Dean**
Rampur, Chitwan, Nepal

प.सं./Ref. No.
च.नं.

मिति/Date: २०७५/०९/१८

# सूचना

शैक्षिक सत्र २०७५/०७६ का लागि यस संकाय अन्तर्गत कृषि संकाय, रामपुर; प्राकृतिक स्रोत व्यवस्थापन कलेज, पुरुन्चौर-कास्की; प्राकृतिक स्रोत व्यवस्थापन कलेज, कपिलाकोट-सिन्धुली; प्राकृतिक स्रोत व्यवस्थापन कलेज, टिकापुर-कैलाली; प्राकृतिक स्रोत व्यवस्थापन कलेज, पाखीबास-धनकुटा; प्राकृतिक स्रोत व्यवस्थापन कलेज, बर्दीबास-महोत्तरीमा कृषि स्नातक (B.Sc.Ag.) तहमा अध्ययनको लागि मिति २०७५/०९/१४ गतेका दिन लिईएको प्रवेश परीक्षामा संलग्न भई उत्तिर्ण भएका विद्यार्थीहरु मध्येबाट मेरिटको आधारमा भर्नाका लागि आवेदन फारममा भरेको कलेजको प्राथमिकता र योग्यताक्रम (Merit) को आधारमा मेरिट, प्रादेशिक, दलित, जनजाती, मधेशी, अपाङ्ग, द्वन्द पिडित, छात्रा तथा स्टाफ कोटा संग सम्बन्धीत पहिलो नामवली (First Merit List) प्रकाशित गरिएकोमा रिक्त हुन आएका विभिन्न कोटाहरुको लागी दोश्रो नामवली (Second Merit List) प्रकाशित गरिएका छ । यस नामावलीमा परेका विद्यार्थीहरुले मिति २०७५ पौष १९ गते देखि मिति २०७५ पौष २३ गते सम्म कार्यालय समय भित्र भर्ना भैसक्नु पर्नेछ । साथै भर्ना हुन आउदा आवेदकले आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, समानस्तर निर्धारणको प्रमाणपत्र र मूल प्रमाणपत्र वा अस्थायी प्रमाणपत्र (Provisional Certificate) हरुका सक्कलै प्रति अनिवार्य रुपमा ल्याउनु पर्नेछ । भर्नाको लागी निकालिएको मेरिट लिस्ट यस विश्वविद्यालयको वेभसाईट www.afu.edu.np मा हेर्न सकिने व्यहोरा समेत सम्वन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराईएको छ ।

परीक्षाफलमा त्रुटी नहोस् भनी विशेष सतर्कता अपनाइएको छ । तथापि कुनै त्रुटी पाइएमा अभिलेखबाट सच्याइनेछ ।

.......................
प्रा. जय प्रकाश दत्त
डीन